**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**

**माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना**

**आदेश**

**०८३-WO-०१७६**

विषयः **उत्प्रेषणयुक्त परमादेश।**

हिमालयन लाइफ इन्स्योरेन्स लि.को प्रमुख कार्यकारी अधिकृत कपिलकुमार दाहाल.............................................................. **निवेदक**

विरुद्ध

नेपाल बीमा प्राधिकरण कुपन्डोल, ललितपुरसमेत................................. **विपक्षी**

नियमबमोजिम पेस हुन आएको निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री नरेन्द्रप्रसाद गौतम र श्री शरदप्रसाद कोइराला तथा विद्वान् अधिवक्ता श्री बोध विक्रम बुढाथोकीले गर्नुभएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद तामेल भएका मितिले १५(पन्ध्र) दिनभित्र आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु।

साथै, निवेदकले अन्तरिम आदेशको मागसमेत गरेतर्फ हेर्दा, निवेदक हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत पदमा मिति २०८२।०७।१३ मा नियुक्त भई कार्यरत रहेको, निजको ४ (चार) वर्षको कार्यवधि बाँकी नै रहेको, यसैबीच निवेदकको विरुद्ध काठमाडौं जिल्ला अदालतमा धितो पत्र सम्बन्धी ऐन, २०६३ बमोजिमको कसूरमा अनुसन्धानको लागि हिरासतमा रही स्वतः निलम्बन परेकोमा मिति २०८३।०४।२२ मा भएको पुर्पक्ष सम्बन्धी आदेशबाट धरौटी राखी तारिखमा रहेको स्थितिमा निजको निलम्बन निरन्तर रहने वा नरहने, कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी पदबाट मुक्त हुने निर्णय नै

नगरी निजको पद रिक्त भएको मानी पदपूर्ति सम्बन्धी प्रक्रिया अवलम्बन गर्न मिल्ने वा नमिल्ने भन्ने जस्ता गम्भीर कानूनी प्रश्न प्रस्तुत रिट निवेदनमा सन्निहित रहेको हुँदा अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा दुवै पक्षको छलफल सुनी निर्णयमा पुग्न उपयुक्त हुने देखिँदा मिति २०८३।०५।१५ मा अन्तरिम आदेश छलफलको पेसी तोकी प्रत्यर्थीहरुलाई उपस्थित हुन सूचना दिनू। यस अदालतबाट अन्तरिम आदेश छलफल भई टुङ्गो नलागेसम्म विपक्षी हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको मिति २०८३।०५।०३ मा प्रकाशित प्रमुख कार्यकारी अधिकृतको दरखास्त आव्हान सम्बन्धी सूचना कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) बमोजिम यो अल्पकालीन अन्तरिम आदेश जारी गरिएको छ। आदेशको जानकारी तत्काल विपक्षीहरुलाई दिनू।

न्यायाधीश

इति संवत् २०८३ साल भदौ ८ गते रोज २ शुभम्-------------------------------------।